# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, कार्तिक १४ गते २०२६ साल

श्री ५ को सरकार

### प्रशासन व्यवस्था विभाग

**निजामती सेवा (आठौं संशोधन) नियमावली, २०२६**

निजामती सेवा नियमावली, २०२१ (यसपछि "मूल नियमावली" भनिएको) लाई संशोधन गर्न वान्छनीय भएकोले,

नेपाल निजामती सेवा ऐन, २०१३ को दफा ७ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१ संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम "निजामती सेवा (आठौं संशोधन) नियमावली, २०२६" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२ मूल नियमावलीको परिच्छेद ५ को नियम ७ मा संशोधनः– मूल नियमावलीको नियम ५. ७ को उपनियम (३) को सट्टा देहायको उपनियम (३) राखी उपनियम (५) र (६) खारिज गरिएको छ ।

"(३) निजामती सेवालाई उपयोगी र आवश्यक पर्ने विषयमा खुला प्रतियोगिता वा अन्तर विभागिय प्रतियोगितामा छानिई अध्ययन गर्न जाने निजामती कर्मचारीले अध्ययन अवधिभर बढीमा ३ वर्ष अध्ययन विदा पाउन सक्नेछ । यस्तो विदा एकै पटक वा पटक पटक गरि दिन सकिनेछ ।"

आज्ञाले–
विष्णुप्रसाद खनाल
श्री ५ को सरकारको सचिव

3 ६०२



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

268

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।